सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ९ ♦ अंक २७ ♦ २०८२ साल भदौ ३० सोमवार ♦ 15 Sep 2025 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

# प्रधानमन्त्री सुशीला कार्कीको मन्त्रिपरिषद्मा तीन जना मन्त्रीले सोमवार सपथ लिदै



**खबर दर्पण समाचारदाता**

**भदौ २९ गते, बर्दिवास**

प्रधानमन्त्री सुशीला कार्कीले मन्त्रिपरिषद्रुमा तीन जना सदस्य थपेकी छन् । उनले पूर्वअर्थसचिव रामेश्वर खनाल, नेपाल विद्युत् प्राधिकरणका पूर्वकार्यकारी निर्देशक कुलमान घिसिङ र अधिवक्ता ओमप्रकाश अर्याललाई मन्त्री बनाएकी हुन् । आन्दोलनकारी जेनजीसँगको परामर्शपछि आइतबार राति ती नामको टुङ्गो लागेको हो ।

खनाललाई अर्थमन्त्री र घिसिङलाई ऊर्जासहित तीन मन्त्रालयको जिम्मेवारी दिने तयारी छ । भौतिक पूर्वाधार तथा यातायात र सहरी विकास मन्त्रालय पनि घिसिङले सम्हाल्नेछन् । अर्याललाई गृह तथा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको जिम्मेवारी तोकिएको छ । अधिवक्ता अर्याल काठमडौं महानगरका मेयर बालेन शाहका कानुनी सल्लाहकार हुन् । तीनै जनालाई आफ्नो मन्त्रिपरिषदमा राख्न कार्कीले आवश्यक सिफारिस राष्ट्रपतिसमक्ष पठाइसकेकी छन् । सोमबार मन्त्रीहरूको शपथ हुने राष्ट्रपति कार्यालय स्रोतले जनाएको छ ।

खनाल र घिसिङ दुवै विगतमा पाएको जिम्मेवारीमा सुशासन कायम गर्ने अधिकारीका रूपमा चिनिन्छन् । आन्दोलकारी जेनजीले रुचाएका व्यक्ति हुन् दुवै जना । जेनजी आन्दोलनपछि आन्दोलनको मागलाई निष्कर्षमा पुऱ्याउन अधिवक्ता अर्यालले भूमिका खेलेका छन् ।

अन्य मन्त्री छनोटको काम पनि प्रधानमन्त्री कार्कीले आन्दोलनकारी जेनजी युवाहरूको परामर्शमा गरिरहेकी छन् ।

जेनजी आन्दोलनको मागअनुसार पूर्वप्रधानन्यायाधीश कार्की अन्तरिम सरकारको प्रधानमन्त्री नियुक्त भएकी हुन् । प्रधानमन्त्री बनेको तेस्रो दिनमा उनले तीन मन्त्री छानेकी हुन् । शुक्रबार राति प्रधानमन्त्रीमा नियुक्त भएकी कार्कीले आइतबार सिंहदरवार पुगेर पदबहाली गर ेकी छन् । कार्कीले प्रदर्शनकारीले प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयमा आगजनी गरेकाले उनको पदवहाली गृहमन्त्रालयमा निर्माण गरिएको भवनमा भएको छ । आगजनीका कारण गृह मन्त्रालयको भवन बस्न नमिल्ने गरी क्षतिग्रस्त भएको छ । गृहलाई पहिला सामान्य प्रशासन मन्त्रालय रहेको भवनमा सारि दैछ ।

खनाल, घिसिङ र अर्यालको शपथपछि सानो आकारको मन्त्रिपरिषदबाट कार्कीले आवश्यक कामहरू अघि बढाउने छिन् । थप नामहरूको टुङ्गो लागेपछि अन्य मन्त्रीहरू चयन हुनेछन् । भ्रष्टाचारको विरोधमा जेनजी आन्दोलन भएकाले प्रधानमन्त्री कार्की तथा जेनजी युवाहरूले सुशासन कायम राख्न सक्ने तथा अन्तरि म सरकारको जिम्मेवारी तथा चुनौतीहरूलाई सामना गर्न सक्ने व्यक्तिलाई मन्त्री बनाउन

*बाँकी पृष्ठ २ मा*

# जेनजी आन्दोलनमा मृत्यु हुनेको संख्या ७२ पुग्यो !

**खबर दर्पण समाचारदाता**

**भदौ २९ गते, बर्दिवास**

भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनमा ज्यान गुमाउनेको संख्या ७२ पुगेको छ।

प्रधानमन्त्री सुशीला कार्कीको पदभार ग्रहण कार्यक्रममा मुख्य सचिव एकनारायण अर्यालले यो जानकारी दिएका हुन्। मुख्य सचिव अर्यालका अनुसार आन्दोलनमा प्रदर्शनकारी ५९ जना, कैदीबन्दी १० जना र सुरक्षाकर्मी ३ जना गरी ७२ जनाको ज्यान गएको हो।

सरकारले जेनजी आन्दोलनको क्रममा मृत्यु भएकाहरूलाई सहिद घोषणा गरेको गरेको छ। त्यस्तै मृतकका परिवारलाई १० लाख दिने निर्णय अन्तरिम सर कारले गरेको छ। आन्दोलनका सबै घाइतेको सरकारले उपचार गर्ने निर्णय समेत भएको छ। मृतक मध्ये अहिलेसम्म ४१ जनाको मात्रै सनाखत भएको प्रहरीले जनाएको छ।

मृतक सबैको अझै सनाखत हुन सकेको छैन। जलेका ठाउँहरु सफा गर्ने क्रममा शव भेटिने क्रम जारी छ। आज बिहान मात्रै चाबहिलको चुच्चेपाटीस्थित भाटभटेनीमा ६ जनाको शव भेटिएको प्रहरीले जनाएको छ। सनाखत नभएका शवको पनि सनाखतको प्रयास भइरहेको प्रहरीको भनाइ छ।

## शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी








✓ पत्रिका
✓ क्यालेण्डर
✓ रजिष्टर, डाइरी
✓ किताब
✓ परीक्षा कपी
✓ पर्चा पम्पलेट
बिल, भाउचर,
✓ स्क्रिन प्रिन्ट
✓ विवाह कार्ड
✓ प्रमाण पत्र
✓ भिजिटिङ्ग कार्ड
✓ झोला प्रिन्ट
✓ रबर स्टाम्प
✓ फ्लेक्स प्रिन्ट
✓ ब्यानर प्रिन्ट
✓ होर्डिङ्ग बोर्ड
✓ स्टिकर
फाइल

साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# औरही प्रहरी चौकीमा प्रहरीहरू पुनः फर्किए

**खबर दर्पण समाचारदाता**
**भदौ २९ गते, बर्दिवास**



महोत्तरीको औरही नगर पालिका-१ स्थित औरही प्रहरी चौकीमा कार्यरत प्रहरीहरू पुनः आफ्नो जिम्मेवारीमा फर्किएका छन्।

गत सोमबार र मंगलबार ( भदौ २३ र २४) जेनजी समूहले घोषणा गरेको आन्दोलनपछि उत्पन्न असुरक्षा कारण उक्त चौकीमा कार्यरत सबै प्रहरीहरू बाहिरिन बाध्य भएका थिए। जेनजी पुस्ताका युवाहरूले भ्रष्टाचारसहित विभिन्न मुद्दामा देशभर प्रदर्शन गरेका थिए। सो क्रममा देश भरि बिभिन्न कार्यालयहरुमा तोडफोड र आगजनी भएको थियो। स्थिति सामान्य भएपछि प्रहरीहरू पुनः औरही प्रहरी चौकीमा फर्किन थालेका हुन्।

प्रहरीहरूलाई औरहीका जेनजी पुस्ताका युवा तथा संयोजक भास्कर झा, औरही नगर पालिका-१ का कार्यवाहक वडा अध्यक्ष सुशील साह, पूर्व औरही उद्योग वाणिज्य संघका अध्यक्ष श्रवण चौधरी, वडा सदस्य, व्यापारी तथा स्थानीयवासीहरूले स्वागत गरेका छन्।

# प्रधानमन्त्री सुशीला कार्कीको ...

चाहेका छन् । पूर्वसैन्य तथा प्रहरीका अधिकारी तथा पूर्व प्रशासकहरूको नाममा पनि मन्त्री बन्ने चर्चा चलाइएको छ । तर, थप कसैको बारे पनि निर्णय भएको छैन ।

प्रधानमन्त्रीले महान्यायाधिवक्तामा नियुक्तिका लागि अधिवक्ता सविता भण्डारी बरालको नाम राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष सिफारिस गरेकी छन् । कार्कीले नियुक्तिका लागि गरेको यो पहिलो सिफारिस हो ।

प्रधानमन्त्री चयनका लागि विभिन्न नाममा सामाजिक सञ्जाल डिस्कर्डमै जेनजी समूहले छलफल चलाएको थियो । त्यहाँ भएको भर्चुअल मतदानमा ५० प्रतिशत बढी मत कार्कीको पक्षमा परेको थियो । त्यसपछि जेनजी समूहले प्रधानमन्त्रीका लागि कार्कीको नाम प्रस्ताव गरेको हो । यद्यपि, जेनजी समूहभित्रै प्रधानमन्त्री कसलाई बनाउने विषयमा सडकमा वादविवाद भएको पनि सार्वजनिक भइसकेको छ ।

आन्दोलनमा ज्यान गुमाएकाहरूलाई आवश्यक सम्मान तथा उनीहरूको परिवारलाई राहत तथा दाहसंस्कार लगायतका कार्य सकिएपछि मात्रै मन्त्री बनाउनुपर्ने पक्षमा जेनजी आन्दोलनकारी रहेका थिए । जेनजीको मागअनुसार प्रधानमन्त्री कार्कीले पनि पहिलो प्राथमिकता आन्दोलनमा ज्यान गुमाएका तथा घाइते भएका परिवारका मागलाई सम्बोधन गर्ने विषयलाई प्राथमिकतामा राखेकी छन् ।

प्रधानमन्त्री कार्कीले शनिबार विभिन्न अस्पताल पुगेर आन्दोलनमा घाइतेहरूलाई भेटेकी थिइन् । पदभारग्रहण गरेलगत्तै उनले आन्दोलनमा ज्यान गुमाएकाहरूलाई सहिद घोषण तथा मृतक परिवारलाई १० लाख रुपैयाँ राहत दिने निर्णय गरेकी छन् । राष्ट्रपतिबाट अन्तरिम सरकारको प्रधानमन्त्रीमा नियुक्ति पाएलगत्तै कार्कीले प्रतिनिधिसभा विघटन तथा आगामी फागुन २१ गते नयाँ प्रतिनिधिसभाको निर्वाचन गर्ने पहिलो निर्णय राष्ट्रपतिसमक्ष सिफारिस गरेकी थिइन् । कार्कीकै सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले भदौ २७ गते शुक्रबार राति ११ बजे प्रतिनिधिसभा विघटन गर्दै चुनावको नयाँ मिति घोषणा गरेका थिए ।


## युवा सशक्तिकरण गरौं

- ❖नेपाली युवालाई सवल, प्रतिस्पर्धी र आत्मनिर्भर बनाउन,
- ❖राज्यका हरेक अंङ्गमा सार्थक सहभागिता सुनिश्चित गर्न,
- ❖स्वस्थ, कर्मठ र उद्यमी युवाअधिकार सुनिश्चित गर्न,
- ❖कर्तव्य प्रति सचेत युवाजनशक्ति निर्माण गर्न,
- ❖समावेशी र सशक्त युवा नेतृत्वको विकास गर्न,
- ❖नेपाललाई आधुनिक, न्यायपूर्ण र समृद्ध राष्ट्र बनाउन।

**लोहारपट्टी नगरपालिका, महोत्तरी**

## सुरक्षितरुपमा वैदेशिक रोजगारमा जाऔं

- ➢ सीप सिकेर मात्र वैदेशिक रोजगारीमा जाऔं,
- ➢ आधिकारिक संस्थाबाट स्वास्थ्य परीक्षण र बीमा गराऔं,
- ➢ अनिवार्य रुपमा अभिमुखिकरण तालिम लिऔं,
- ➢ अनिवार्य रुपमा श्रम स्वीकृती लिऔं,
- ➢ कामदार भिसामा मात्र वैदेशिक रोजगारमा जाऔं,
- ➢ वैदेशिक रोजगारीमा जानुअघि घर-परिवारसँग सरसल्लाह गरौं,
- ➢ मानसिक रुपमा तयार होऔं र
- ➢ आफ्नो सबै कागजातको एकएक प्रति घर-परिवारलाई छोडौं।

**बलवा नगरपालिका, महोत्तरी**



## सुरक्षितरुपमा वैदेशिक रोजगारमा जाऔं

- ➢ सीप सिकेर मात्र वैदेशिक रोजगारीमा जाऔं,
- ➢ आधिकारिक संस्थाबाट स्वास्थ्य परीक्षण र बीमा गराऔं,
- ➢ अनिवार्य रुपमा अभिमुखिकरण तालिम लिऔं,
- ➢ अनिवार्य रुपमा श्रम स्वीकृती लिऔं,
- ➢ कामदार भिसामा मात्र वैदेशिक रोजगारमा जाऔं,
- ➢ वैदेशिक रोजगारीमा जानुअघि घर-परिवारसँग सरसल्लाह गरौं,
- ➢ मानसिक रुपमा तयार होऔं र
- ➢ आफ्नो सबै कागजातको एकएक प्रति घर-परिवारलाई छोडौं।



**रामगोपालपुर नगरपालिका, महोत्तरी**

## मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्न:

- ➢ चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं।
- ➢ नियमित रुपमा शारीरिक व्यायाम गरौं।
- ➢ मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
- ➢ धुम्रपान र मद्यपान नगरौं।

**औरही नगरपालिका, महोत्तरी**


## ☎☎ आवश्यक टेलिफोन नम्बरहरू ☎☎

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

| | |
|---|---|
| एम्बुलेन्स (सोसल वेलफेयर & रिसर्च सेन्टर) | ४१-५४०२३२ |
| महेन्द्रनगर,धनुषा | ९८४४०२४४५०/ ९८०४८२५८६० |
| एम्बुलेन्स (हिमालय युवा क्लव नक्टाझिज) | ०४१-६२०४९१ ९८०४८१५१२६ |
| इलाका प्रहरी कार्यालय महेन्द्रनगर | ५४०१९९ |
| विद्युत प्राधिकरण महेन्द्रनगर | ५४०१६१ |

# बर्दिवासमा आउँदै गरेको चाडपर्वलाई लक्षित गरी सरसफाइ कार्यक्रम सम्पन्न

**खबर दर्पण समाचारदाता**

**भदौ २९ गते, बर्दिवास**




आउँदै गरेको चाडपर्वलाई लक्षित गरी रोट्र्याक्ट क्लब अफ बर्दिबास र रोटरी क्लब अफ बर्दिबासको संयुक्त आयोजना र बर्दिबास नगरपालिकाको समन्वयमा आइतबार सरसफाइ कार्यक्रम सम्पन्न गरिएको छ। 'सफा वातावरण, स्वस्थ जीवन' भन्ने मूल नारासहित गरिएको सो कार्यक्रममा स्थानीय बासी,जिल्ला ट्राफिक प्रहरी कार्यालय बर्दिबास ,इलाका प्रहरी कार्यालय बर्दिबास ,उद्योग बाणिज्य संघ बर्दिबास ,लियो / लायन्स क्लब बर्दिबास,होटेल व्यावसायिक , ,समाजसेवी , क्लबका सदस्य तथा विभिन्न संघसंस्थाका प्रतिनिधिहरूको सक्रिय सहभागिता रहेको थियो। सरसफाइ कार्यक्रम बर्दिबासको मेन चोक सरसफाइ र बगैंचा गोडमेल गरिएको छ।

क्लबका अध्यक्ष सरोज गजमेर ले भन्नुभयो,

"हामी सबैले आफ्नो घर वरि परिको सरसफाइ गर्नुपर्छ भन्ने सन्देश यो कार्यक्रममार्फत दिन खोजिएको हो। आउँदै गरेको चाडपर्वमा सफा र आकर्षक वातावरणले मात्र हाम्रो उत्सवलाई अझ रमाइलो र स्वास्थ्यप्रद बनाउन सक्छ। यसरी साना-साना पहलबाट ठूलो परिवर्तन ल्याउन सकिन्छ भन्नेमा हामी विश्वस्त छौं।"

सो अवसरमा सरसफाइमा संलग्न स्वयंसेवकलाई धन्यवाद ज्ञापन गर्दै क्लबले आगामी दिनमा यस्ता सामाजिक कार्यहरूलाई अझ प्रभावकारी रूपमा निरन्तरता दिने र आफ्नो वरिपरि आफैं सफा गर्नुपर्ने र क्लबले आगामी दिनमा र चनात्मक सामाजिक कार्य गर्ने प्रतिबद्धता जनाएका छन्।

# जनकपुरधाम उपमहानगरपालिका सञ्चालनमा आउन कम्तीमा एक महिना लाग्ने

**खबर दर्पण समाचारदाता**

**भदौ २९ गते, बर्दिवास**



जेनजी आन्दोलनका क्रममा पूर्ण रूपमा क्षतिग्रस्त भएको जनकपुरधाम उपमहानगर पालिकाको कार्यालय कम्तीमा एक महिना भित्र मात्रै सञ्चालनमा आउन सक्ने भएको छ । मंगलबारको हिंसात्मक प्रदर्शनका क्रममा पाँच तले भवन र उपमहानगर का अधिकांश शाखा ध्वस्त भएका हुन् ।

उपमहानगरपालिका कर शाखाका प्रमुख तथा प्रवक्ता परमेश झाले जानकारी दिए अनुसार आगलागीमा कागजातदेखि विद्युतीय सामग्रीसम्म नष्ट भएको छ । कार्यालयमा वितरणका लागि राखिएका करिब २०० ग्यास सिलिण्डरमध्ये ७८ वटा विस्फोट हुँदा भवनको पछाडिको भाग पूर्णरूपमा क्षतिग्रस्त भएको छ । उनका अनुसार उपमहानगर प्रमुखको कार्यकक्ष, अभिलेख शाखा र लेखा शाखाबाहेक अन्य सबै शाखा जलेर नष्ट भएका छन् ।

झाले थपे, 'तत्काल कम्प्युटर, प्रिन्टरलगायत आवश्यक सामग्री पुनः खरिद गर्नुपर्ने अवस्था छ । सरसफाइदेखि खरिदसम्मका कामलाई छिटो सुरुवात गरे पनि कम्तीमा एक महिना समय लाग्छ ।'

आगलागीमा कार्यालय परिसर मा रहेका एक एम्बुलेन्स, दुई वटा गाडी र करिब आधा दर्जन मोटरसाइकल पनि जलेर नष्ट भएका छन्। उपमहानगर प्रमुख मनोज साहका अनुसार कार्यालयको करिब ९५ प्रतिशत भवन र सम्पत्ति खरानी बनेको छ। साहले भने, 'जनकपुरधाम उपमहानगरपालिकाको भवन जलेको छ । ती भवनमा अब तत्काल कार्यालय सञ्चालन गर्न सक्ने अवस्था छैन । जलेका कागजात, फर्निचर, कुर्सी-टेबल, कम्प्युटर, प्रिन्टर, हार्डड्राइभ लगायत सबै सामग्री व्यवस्थापन गरेर कार्यालयलाई पुरानै अवस्थामा फर्काउन अझै लामो समय लाग्नेछ ।'

प्रदर्शनकारीहरूले कार्यालयभित्र रहेका सवारीसाधनमा समेत आगजनी गरेका थिए । नष्ट भएका कागजात र सामग्रीले प्रशासनिक काममा ठूलो अवरोध उत्पन्न भएको छ । उपमहानगरपालिकाले चोरी भएका सामग्री फिर्ता ल्याउने अभियान सुरु गरेको छ। नगर प्रहरी र सम्बन्धित अधिकारीहरूले लुटिएको सामान स्वेच्छाले फिर्ता गर्नेहरूलाई कानुनी राहत दिने चेतावनी दिएका छन् भने नफिर्ता गर्ने वा अवैध रूपमा राख्नेहरूलाई कारबाही गर्ने तयारी गरिएको छ ।

यसैबीच, नेकपा एमालेका नेता शिवशंकर साह 'हिरा' ले व्यक्तिगत रूपमा १ लाख ५१ हजार रुपैयाँ सहयोग गर्ने घोषणा गर्दै उपमहानगर पालिकाको पुनर्निर्माणमा सबैलाई हातेमालो गर्न अपील गरेका छन् ।

नेपाल सरकार
उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति :२०८२।०५।३०**

यस कम्पनीको मिति २०८२।०४।२५ मा सम्पन्न विशेष साधारण ;मितिको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रारको कार्यालयबाट समेत स्वीकृति प्राप्त भई साविक कम्पनी इन्टरनेशनल स्कुल अफ डिजाइन फेशन एण्ड इन्टेरियर (प्रा. लि.) प्रा.लि. २९४०७८) को नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिनबाट व्यहोनु पर्ने ऋण, धन, कर दायित्व आदि परिवर्तन नामको आर्टिष्टि एकेडे प्रा.लि. अंग्रेजिमा Artistry Academy Pvt.Ltd. ले सकानु व्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ।

**मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्न:**

- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं।

**बर्दिबास नगरपालिका, महोत्तरी**

**हावाहुरीबाट जोगिने उपायहरु**

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाँधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

**मटिहानी नगरपालिका, महोत्तरी**

**मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्न:**

- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं।

**गौशाला नगरपालिका, महोत्तरी**

**डढेलोबाट बचौं र बचाऔं ।**

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्तीसमेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं।

**पीपरा गाउँपालिका, महोत्तरी**

**युवा सशक्तिकरण गरौं**

- नेपाली युवालाई सबल, प्रतिस्पर्धी र आत्मनिर्भर बनाउन,
- राज्यका हरेक अंगमा सार्थक सहभागिता सुनिश्चित गर्न,
- स्वस्थ, कर्मठ र उद्यमी युवाअधिकार सुनिश्चित गर्न,
- कर्तव्य प्रति सचेत युवाजनशक्ति निर्माण गर्न,
- समावेशी र सशक्त युवा नेतृत्वको विकास गर्न,
- नेपाललाई आधुनिक, न्यायपूर्ण र समृद्ध राष्ट्र बनाउन।

**सम्सी गाउँपालिका, महोत्तरी**

# रेशम चौधरीले घोषणा गरे नागरिक उन्मुक्ति पार्टी, नेपाल



नागरिक उन्मुक्ति पार्टी (नाउपा)का संरक्षक रेशमलाल चौधरीले नयाँ पार्टी घोषणा गरेका छन् । आइतबार (भदौ २९) सामाजिक सञ्जालमार्फत उनले नागरिक उन्मुक्ति पार्टी परित्याग गर्दै 'नागरिक उन्मुक्ति पार्टी, नेपाल' घोषणा गरेका हुन् ।

उनले भने, "नागरिक उन्मुक्ति पार्टीको साथीहरूले मलाई संरक्षक भनिदिनुभयो, नागरिक उन्मुक्ति पार्टीका नेताहरूलाई मैले वर्षौं पालेको छु । म नागरिक पार्टीमा आजबाट हुन्नँ । मसँगै मेरो भावना, आन्दोलनको मर्म बुझ्ने साथीहरूले हातेमालो गर्ने अपेक्षा गरेको छु ।"

उनले अगाडि भने, "मलाई अब झगडा गर्नु छैन, कहिले २१ जनाको रोइलो, कहिले १६ जनाको रोइलो, कहिले संस्थापक केन्द्रीय सदस्यको रोइलो । जानीनजानी दुईदुईपटक मेरो घर दहन भयो । २०७८ सालबाट २०८२ सालसम्म घरभाडा, बिजुली, पानी सबैको रकम तिरेर पार्टी चलाइरहेँ, त्यही पनि मैले जस पाइनँ ।"

उनले थरुहट आन्दोलनका नाममा ठग्ने कार्यकर्ता नचाहिने पनि बताएका छन् ।-खबर दर्पण

# जेलबाट फरार चार विदेशी नागरिकसहित १० जना पक्राउ



**खबर दर्पण समाचारदाता**

**भदौ २९ गते, बर्दिवास**

धनुषा प्रहरीले जेलबाट फरार भएका चार विदेशी नागरिकसहित १० जनालाई नियन्त्रणमा लिएको छ।

काठमाडौंको केन्द्रीय कारागारबाट फरार भएका ती विदेशी नागरिकसहित जेनजीको आन्दोलनको आडमा आगजनी तथा लुटपाट गरेको आरोपमा १० जनालाई प्रहरीले नियन्त्रणमा लिएको हो।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक नरहरि रेग्मीले केन्द्रीय कारागारबाट फरार भएका विदेशी नागरिकलाई भारततर्फ पस्ने क्रममा सशस्त्र प्रहरी बल नेपाल र भारतीय सीमा सुरक्षा बलको संयुक्त टोलीले नियन्त्रणमा लिएको बताउनुभयो।

उहाँका अनुसार पक्राउ परेकामध्ये नाइजेरियाका तीन र ब्राजिलको एक नागरिक रहेका छन्। धनुषाको खजुरी र महिनाथपुर नाकाबाट भारत पस्ने क्रममा पक्राउ परेका हुन्। पक्राउ परेका विदेशी नागरिक लागुऔषध तथा कोकिन सम्बन्धी अभियोगमा कैद सजाय भोगिरहेका थिए। पक्राउ परेका विदेशीलाई आवश्यक कानुनी प्रक्रिया पूरा गरी पुनः केन्द्रीय कारागार पठाउने तयारी गरिएको उहाँले जानकारी दिनुभयो।

त्यसैगरी, जेनजीको आन्दोलनको आडमा आगजनी तथा लुटपाटमा संलग्न रहेको आरोपमा छ जनालाई पक्राउ गरिएको प्रहरी वरिष्ठ उपरीक्षक रेग्मीले बताउनुभयो। ती व्यक्तिहरुसँग हतियार, कम्प्युटर, ल्यापटपलगायत चोरीका सामग्री पनि बरामद भएको उहाँले जानकारी दिनुभयो। प्रहरीको भनाइ छ।


मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्न:

- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं।

मनरा शिस्वा नगरपालिका, महोत्तरी

सुरक्षितरुपमा वैदेशिक रोजगारमा जाऔं

- सीप सिकेर मात्र वैदेशिक रोजगारीमा जाऔं,
- आधिकारिक संस्थाबाट स्वास्थ्य परीक्षण र बीमा गराऔ,
- अनिवार्य रुपमा अभिमुखिकरण तालिम लिऔं,
- अनिवार्य रुपमा श्रम स्वीकृती लिऔं,
- कामदार भिसामा मात्र वैदेशिक रोजगारमा जाऔं,
- वैदेशिक रोजगारीमा जानुअघि घर-परिवारसँग सरसल्लाह गरौं,
- मानसिक रुपमा तयार होऔं र
- आफ्नो सबै कागजातको एकएक प्रति घर-परिवारलाई छोडौं।

भंगहा नगरपालिका, महोत्तरी

सुरक्षितरुपमा वैदेशिक रोजगारमा जाऔं

- सीप सिकेर मात्र वैदेशिक रोजगारीमा जाऔं,
- आधिकारिक संस्थाबाट स्वास्थ्य परीक्षण र बीमा गराऔ,
- अनिवार्य रुपमा अभिमुखिकरण तालिम लिऔं,
- अनिवार्य रुपमा श्रम स्वीकृती लिऔं,
- कामदार भिसामा मात्र वैदेशिक रोजगारमा जाऔं,
- वैदेशिक रोजगारीमा जानुअघि घर-परिवारसँग सरसल्लाह गरौं,
- मानसिक रुपमा तयार होऔं र
- आफ्नो सबै कागजातको एकएक प्रति घर-परिवारलाई छोडौं।

एकडारा गाउँपालिका, महोत्तरी

मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्न:

- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं।

सोनमा गाउँपालिका, महोत्तरी

मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्न:

- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं।

जलेश्वर नगरपालिका, महोत्तरी

मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्न:

- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं।

महोत्तरी गाउँपालिका, महोत्तरी



खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)

उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com

प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,